## नरहरिनाथ गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड-१ कालीकोट २०७५ फागुन १२ गते
प्रमाणिकरण प्रकाशन फागुन १५ गते २०७५

**भाग–१**
**नरहरिनाथ गाउँपालिका**
**कुमालगाउँ, कालीकोट**
**कर्णाली प्रदेश**

नेपालको संविधानको धारा २२६ उपधारा १ वमोजिम नरहरिनाथको गाउँसभाले बनाएको तल लेखिए वमोजिमको **वातावरण संरक्षण तथा व्यवस्थापन कार्यविधि, २०७५** सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# वातावरण संरक्षण तथा व्यवस्थापन कार्यविधि, २०७५

## प्रस्तावना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (ञ) को वुदाँ नं.(१२) देखि (१९) सम्ममा वातावरण संरक्षण र व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा तथा त्यसको कार्यान्वयन, अनुगमन र नियमनको दायित्व स्थानीय तहको हुने कुरा उल्लेख छ । वातावरण संरक्षण ऐन, २०५३ अनुसारको नागरिकको स्वच्छ र स्वस्थ्य वातावरणमा बाच्न पाउने अधिकारलाई सुनिश्चत गर्न र प्राकृतिक श्रोतको समुचित उपयोग र व्यवस्थापनबाट वातावरण संरक्षण गर्न नरहरिनाथ गाउँपालिका क्षेत्र भित्र वातावरणीय जोखिम न्यूनीकरण, वातावरणीय प्रदूषण र हानिकारक पदार्थहरुको नियन्त्रण, अनुगमन तथा नियमन, हरित क्षेत्रको संरक्षण र प्रवर्द्धन, वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन, र जनस्वास्थ्य तथा बातावरणमा पर्न सक्ने प्रतिकुल प्रभावलाई कम गर्न तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (ञ) को वुदाँ नं. (१२) देखि (१९) सम्ममा उल्लेख भए अनुसारको दायित्व पुरा गर्नका लागि सोहि ऐनको दफा १०२ को उपदफा (२) मा उल्लेख भए वमोजिमको अधिकार प्रयोग गरी नरहरिनाथ गाउँपालिकाको **वातावरण संरक्षण तथा व्यवस्थापन कार्यविधि, २०७५** तर्जुमा गरिएको छ ।

## परिच्छेद : एक
## संक्षिप्त नाम र प्रारम्भ

### १. संक्षिप्त नाम र प्रारम्भ

(१) यस कार्यविधिको नाम नरहरिनाथ गाउँपालिकाको **वातावरण संरक्षण तथा व्यवस्थापन कार्यविधि, २०७५** रहनेछ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

### २. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “कार्यविधि” भन्नाले नरहरिनाथ गाउँपालिकाको वातावरण संरक्षण तथा व्यवस्थापन कार्यविधि, २०७५ सम्झनु पर्दछ ।

(ख) “गाउँपालिका” भन्नाले नरहरिनाथ गाउँपालिका सम्झनु पर्दछ ।

(ग) “ऐन” भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनु पर्दछ ।

(घ) “अध्यक्ष” भन्नाले नरहरिनाथ गाउँपालिकाको अध्यक्ष पदमा निर्वाचित बहालवाला गाउँपालिका अध्यक्ष वा गाउँपालिका अध्यक्षको कार्य गर्न जिम्मेवारी प्राप्त अधिकारीलाई सम्झनु पर्दछ ।

(ङ) “उपाध्यक्ष” भन्नाले नरहरिनाथ गाउँपालिकाको उपाध्यक्ष पदमा निर्वाचित बहालवाला गाउँपालिका उपाध्यक्ष वा गाउँपालिका उपाध्यक्षको कार्य गर्न जिम्मेवारी प्राप्त अधिकारीलाई सम्झनु पर्दछ ।

(च) “समिति” भन्नाले वातावरण संरक्षण तथा व्यवस्थापन कार्यविधि, २०७५ बमोजिम गठित समितिलाइ सम्झनु पर्दछ ।

(छ) “साझेदार” भन्नाले नरहरिनाथ गाउँपालिकासंग वातावरण संरक्षण सम्बन्धी कार्यक्रममा साझेदारी गर्ने अन्य जुनसुकै निकायलाइ सम्झनु पर्दछ ।

(ज) “सार्वजनिक निजी साझेदारी” भन्नाले सार्वजनिक क्षेत्र (गाउँपालिका) र निजी क्षेत्रका वीचमा कुनै काम गर्ने सम्बन्धमा कानून बमोजिम आपसी सहमतिमा हुने लाभ, लागत र जोखीमको साझेदारीलाई सम्झनु पर्दछ ।

(झ) “निजी क्षेत्र” भन्नाले नाफा कमाउने वा नकमाउने गरी स्थापना भएको कम्पनी वा टोलविकास संस्था वा क्लव वा सामाजिक संघ संस्था लगायत यसले राष्ट्रिय अन्तराष्ट्रिय संघ संस्था समेतलाई सम्झनु पर्दछ ।

(ञ) “वातावरण” भन्नाले प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणालीहरु, आर्थिक तथा मानवीय क्रियाकलापहरु र यिनका बीचको अन्तरक्रिया तथा अन्तर सम्बन्ध सम्झनु पर्दछ ।

(ट) “मन्त्रालय” भन्नाले नेपाल सरकारको वातावरण सम्बन्धी बिषय हेर्ने मन्त्रालयलाइ सम्झनु पर्दछ ।

(ठ) “औद्योगिक फोहरमैला” भन्नाले औद्योगिक प्रतिष्ठानबाट निष्कासन हुने हानिकारक तथा प्रदूषण युक्त फोहरमैला सम्झनु पर्दछ ।

(ड) “औद्योगिक प्रतिष्ठान” भन्नाले कुनै उद्योग व्यवसाय वा सेवा सञ्चालन गर्ने उद्देश्यले प्रचलित कानुन बमोजिम स्थापित कुनै कम्पनी, उद्योग, फर्म वा अन्य कुनै निकाय सम्झनु पर्दछ ।

(ढ) “कन्टेनर” भन्नाले फोहरमैला संकलन गर्ने प्रयोजको लागि निश्चित स्थानमा राखिएको फोहरमैला थुपार्ने भाँडो, बाकस , बाल्टीन वा यस्तै

प्रकारको अन्य कुनै बस्तु सम्झनु पर्दछ । सो शव्दले कम्पोष्ट मल उत्पादन गर्न राखिएको भाँडो समेत जनाउदछ ।

(ण) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस कार्यविधि अर्न्तगत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम भन्ने सम्झनु पर्दछ ।

(त) "प्रदूषण" भन्नाले वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले प्रभाव पारी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुऱ्याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानी नोक्सानी पुऱ्याउने क्रियाकलाप सम्झनु पर्दछ ।

(थ) "प्रशोधन" भन्नाले फोहरमैलाको रुप वा गुणमा परिर्वतन गरी मल, ग्यास, ऊर्जा वा अन्य कुनै उपयोगी बस्तु तयार गर्ने र फोहरमैलाको व्यवस्थापन गर्ने कार्य सम्झनु पर्दछ ।

(द) "पुन चक्रिय प्रयोग" भन्नाले प्रविधिको प्रयोगद्धारा संकलित फोहरमैलालाई कच्चा पदार्थमा रुपान्तरण गरी उपयोगी बस्तुको रुपमा विकास गरेर पुन प्रयोगमा ल्याउने कार्य सम्झनु पर्दछ ।

(ध) "फोहरमैला" भन्नाले घरेलु फोहरमैला, औद्योगिक फोहरमैला, रसायनिक फोहरमैला, स्वास्थ्य संस्था जन्य फोहरमैला वा हानिकारक फोहरमैला सम्झनु पर्छ । सो शव्दले तत्काल प्रयोग हुन नसक्ने अवस्थामा रहेका, फालिएका वा सडेगलेका, वातावरणमा ह्रास आउने गरि निष्कासन गरिएका ठोस, तरल, ग्यास, लेदो, धुवाँ, धुलो, विद्युतीय तथा सुचना प्रविधिका लागि प्रंयोग भएका सामग्रीहरु पोष्टर, पम्पलेट, तथा नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सुचना प्रकाशन गरि फोहरमैला भनि तोकिदिएको अन्य बस्तु समेतलाई जनाउदछ ।

(न) "फोहरमैला व्यवस्थापन स्थल" (स्यानिटरी ल्याण्डफिल्ड साइट) भन्नाले फोहरमैला विसर्जन वा प्रशोधन गर्नको लागि गाउँपालिकाले तोकेको स्थल सम्झनु पर्दछ ।

(प) "रसायनिक फोहरमैला" भन्नाले यथास्थितिमा प्रयोग हुन नसक्ने जुनसुकै श्रोत तथा प्रक्रियाबाट निस्केका मानव स्वास्थ्य लगायत जीव जन्तु एवम् वातावरणमा प्रतिकुल असर पार्ने सम्पूर्ण रसायनिक पदार्थ वा समय समयमा नेपाल सरकारले नेपाल राजपत्रमा सुचना प्रकाशन गरी रसायनिक फोहरमैला भनि तोकेका ठोस, तरल, धुलो, लेदो, ग्यास लगायतका पदार्थ वा वस्तुलाई सम्झनु पर्छ ।

(फ) "स्वास्थ्य संस्थाजन्य फोहरमैला" भन्नाले अस्पताल, क्लिनिक, फार्मेसी,

औषधी पसल, ब्लड बैंक, प्याथोलोजिकल प्रयोगशाला, पशु स्वास्थ्यजन्य संस्था वा स्वास्थ्य अनुसन्धान केन्द्रबाट उत्पादन तथा निष्कासन हुने हानिकारक फोहरमैला सम्झनु पर्दछ ।

(ब) "निष्कासन" भन्नाले ध्वनी, ताप वा फोहर मैला फाल्ने, थुपार्ने वा निष्कासन गर्ने कार्य सम्झनु पर्दछ ।

(भ) "निष्कासन" भन्नाले ध्वनी, ताप वा फोहर मैला फाल्ने, थुपार्ने वा निष्कासन गर्ने कार्य सम्झनु पर्दछ ।

(ब) "राष्ट्रिय सम्पदा" भन्नाले नेपालका प्राकृतिक, सांस्कृतिक, एतिहासिक, पुरातात्विक, वैज्ञानिक, आध्यात्मिक, सौन्दर्यपरक वा सामाजिक दृष्टिबाट मानव जातिका लागि महत्वपूर्ण मानिने वातावरणसंग सम्बन्धित कुनैपनि बस्तु, स्थल, वनस्पति तथा जीव जन्तु सम्झनु पर्दछ ।

## ३. कार्यविधिको उद्देश्य

यस कार्यविधिको प्रमुख उद्येश्य देहाय बमोजिम रहेको छ ।

(क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (ञ) को वुदाँ नं.  (१२) देखि (१९) सम्मले स्थानीय तहलाइ वातावरण संरक्षण र व्यवस्थापनको जिम्मेवारी दिएकोमा सो जिम्मेवारी पूरागर्न प्रभावकारी कार्यान्वयन गर्न सघाउ पुऱ्याउने ।

(ख) वातावरण संरक्षण र व्यवस्थापनको लागि स्थानीय स्तरमा समन्वय र समझदारी कायम गर्दै सहभागितात्मक योजना तर्जूमा गर्न सहयोग पुऱ्याउने ।

(ग) नरहरिनाथ गाउँपालिका क्षेत्रमा रहेका विभिन्न वन उपभोक्ता समिति, सामुदायिक वन, संघ संस्था, छिमेकी स्थानीय तह र अन्य सामाजिक संघ संस्थाहरुसँग समन्वय गरी वातावरण संरक्षण र व्यवस्थापनका लागि सचेतना अभिबृद्धि गर्न मद्दत गर्ने ।

(घ) वातावरण संरक्षण र व्यवस्थापनका लागि चेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्न सहयोग गर्ने ।

(ङ) वातावरण संरक्षण र व्यवस्थापनका क्षेत्रमा क्रियाशिल साझेदार संस्थाहरुको कार्यमा आवश्यक सहयोग पुऱ्याउने ।

(च) वातावरण संरक्षण र व्यवस्थापन सम्बन्धी काम गर्ने विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरुसँग समन्वय कायम गर्न मद्दत गर्ने ।

(छ) वातावरण संरक्षण तथा व्यवस्थापनका लागि निजी क्षेत्र, नागरिक

समाज, समुदाय, गैरसरकारी संघ संस्था संग सहकार्य र साझेदार प्रबर्द्धन गर्ने ।

(ज) वातावरण संरक्षण तथा व्यवस्थापन कार्यको सहभागितामुलक अनुगमन तथा मुल्यांकनको लागि आधार प्रदान गर्ने ।

## ४. कार्यविधिको प्रयोगकर्ता

यस कार्यविधिको प्रयोग देहाय बमोजिमका व्यक्ति वा निकायले गर्न सक्ने छन ।

(क) नरहरिनाथ गाउँपालिका, वडासमिति, गाउँपालिका क्षेत्र भित्रका नागरिक समाज, वन उपभोक्ता समिति, सामुदायिक वन, ठेकेदार, कर्मचारीहरु ।

(ख) गाउँपालिका क्षेत्र भित्रका टोल विकास संस्था, सामुदायिक संस्था, वातावरण संग सम्बन्धित संघसंस्थाहरु तथा यस कार्यमा प्रयोग हुने व्यक्ति तथा समुदायहरु ।

(ग) गाउँपालिका क्षेत्र भित्र काम गर्ने राजनैतिक संयन्त्र, अनुसन्धानकर्ता, सामाजिक कार्यकर्ता, विकास साझेदार तथा अन्य सरोकारवाला निकायले पनि यसको प्रयोग गर्न सक्नेछन् ।

## ५. कार्यविधिको कार्य क्षेत्र र सीमा

यस कार्यविधिमा वातावरण संरक्षण र व्यवस्थापनका लागि आवश्यक पर्ने व्यवस्थापकीय तथा संस्थापकीय पक्षलाई समेट्न खोजिएको छ । नरहरिनाथ गाउँपालिकाको कार्यालयले आफ्नो प्रयोजनका लागि मात्र यो कार्यविधि बनाएको हुँदा यसको कार्य सीमा नरहरिनाथ गाउँपालिकाको सबै क्षेत्रमा मात्र रहनेछ । साथै वातावरण संरक्षण ऐन, २०५३ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रावधान समेत यसमा आकर्षित हुने हुँदा यो कार्यविधिलाई गाउँपालिका क्षेत्रमा काम गर्ने बिभिन्न सरकारी, गैर सरकारी तथा निजी क्षेत्रका निकायले समेत मार्गदर्शनको रुपमा लिन सक्नेछन । साथै प्रस्तुत कार्यविधि अन्य स्थानीय तहको लागि समेत उपयोगी हुन सक्नेछ ।

# परिच्छेद : दुई
# व्यवस्थापन तथा सञ्चालन सम्बन्धी व्यवस्था

## ६. व्यवस्थापन समितिको गठन

(१) नरहरिनाथ गाउँपालिकामा वातावरण संरक्षण तथा व्यवस्थापन संग सम्बन्धित कार्य ब्यवस्थित रुपमा कार्यान्वयन गर्नका लागि देहाय बमोजिमका पदाधिकारीहरु संयोजक तथा सदस्य रहने गरी एक समितिको गठन गरिने छ ।

१) गाउँपालिकाका अध्यक्ष - संयोजक
२) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
३) १ महिला सहित २ जना गाउँ कार्यपालिका सदस्यहरु - सदस्य
४) प्रमुख, योजना तथा प्राविधिक शाखा - सदस्य
५) प्रमुख, सामाजिक विकास शाखा - सदस्य
६) प्रमुख, आर्थिक प्रशासन शाखा - सदस्य
७) प्रतिनिधि नरहरिनाथ उद्योग वाणिज्य संघ - सदस्य
८) प्रतिनिधि वातावरणको क्षेत्रमा कामगर्ने संघसंस्था - सदस्य
९) प्रतिनिधि वन उपभोक्ता समिति तथा सामुदायिक वन - सदस्य
१०) वातावरण व्यवस्थापन शाखा प्रमुख - सदस्य सचिव

(२) यस कार्यबिधि बमोजिम गठित समितिको नियमित वैठकमा कामसँग सम्बन्धित कुनै पनि व्यक्ति वा संस्थाको प्रतिनिधिलाई आवश्यकता अनुसार आमन्त्रित गर्न सकिनेछ ।

(३) आमन्त्रित पदाधिकारीले पनि बैठकमा उपस्थित भए वापत अन्य पदाधिकारीले पाए सरहको भत्ता तथा अन्य सुविधा पाउनेछ ।

(४) आमन्त्रित पदाधिकारी वा व्यक्तिको मताधिकार हुने छैन ।

(५) व्यवस्थापन समितिको बैठक सामान्यतया ३ महिनामा एक पटक बस्ने छ । तर आवश्यकता महसुस भएमा जुनसुकै बेला पनि बोलाउन सकिने छ ।

(६) बैठक संयोजकको आदेशले सदस्य सचिवले बोलाउने छ ।

(७) व्यवस्थापन समितिको सम्पूर्ण सदस्य संख्याको कम्तीमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपुरक संख्या पुगेको मानिने छ । बैठकको निर्णय संयोजकले प्रमाणित गर्नु पर्नेछ ।

## ७. व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

(क) वातावरण संरक्षण तथा व्यवस्थापन कार्यको लागि आवधिक तथा बार्षिक योजना तर्जूमा, कार्यान्वयन, अनुगमन, मुल्यांकन र समिक्षा गर्ने ।

(ख) वातावरण संरक्षण तथा व्यवस्थापन कार्यको लागि चेतनामुलक कार्यक्रम तथा तालिमहरु सञ्चालन गर्ने ।

(ग) वातावरण संरक्षण ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, र अन्य प्रचलित ऐन नियमले दिएका अधिकार प्रयोग गरी वातावरण संरक्षण तथा व्यवस्थापनसंग सम्बन्धित आवश्यक कार्य गर्ने ।

(घ) गाउँपालिका क्षेत्रलाई पूर्ण वातावरणयुक्त क्षेत्र बनाउन पहल गर्ने ।

(ङ) वातावरण संरक्षण ऐन, २०५३ तथा यस कार्यबिधि बमोजिम प्रदूषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने काम भए नभएको निरीक्षण गर्ने ।

(च) वातावरण संरक्षण ऐन, २०५३ तथा यस कार्यबिधि विपरित कुनै ठाउबाट ध्वनी, ताप वा फोहर मैला निष्कासन गरे नगरेको निरीक्षण गर्ने।

(छ) प्रस्ताव कार्यान्वयन गर्ने स्वीकृत दिदा तोकिएका शर्तहरु बमोजिम काम भए नभएको जाँचबुझ तथा निरीक्षण गर्ने ।

## ८. उपसमिति वा कार्यदल सम्बन्धी व्यवस्था

(१) समितिले वातावरण संरक्षण तथा व्यवस्थापनमा प्रभावकारिता ल्याउने कार्य सुचारु रुपले सम्पादन गर्नका लागि आवश्यकता अनुसार विषय सँग सम्बन्धित विशेषज्ञ, गाउँपालिका कार्यालयमा वातावरण हेर्ने शाखाका प्रतिनिधि, वातावरणको क्षेत्रमा काम गर्ने संघसंस्थाका प्रतिनिधि, टोल विकास संस्थाका प्रतिनिधि, फोहरमैला व्यवस्थापन सेवा क्षेत्रका प्रतिनिधि, सामुदायिक वन तथा वन उपभोक्ता समितिका प्रतिनिधि समेत रहेका उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमित वा कार्यदलको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१) वातावरण संरक्षण तथा व्यवस्थापनमा जनसहभागिता जुटाउन पहल गर्ने ।

२) वातावरण संरक्षण तथा व्यवस्थापन कार्यको अनुगमन र मुल्यांकन गर्ने ।
३) वातावरण संरक्षण तथा व्यवस्थापन कार्यको दिगो र प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित निकायमा समन्वय गर्ने ।
४) वातावरण संरक्षण तथा व्यवस्थापन कार्यको लागि आवश्यक श्रोत साधनको खोजी गर्ने ।
५) संरक्षित क्षेत्रको लागि सम्भावित बैकल्पीक स्थानको खोजी गर्ने ।
६) वातावरण संरक्षण तथा व्यवस्थापनका लागि निजी क्षेत्र, नागरिक समाज, समुदाय, गैर सरकारी संघ संस्था लगायतकासंग सहकार्य र साझेदारी गर्ने सम्भावनाहरुको खोजी गर्ने ।

## ९. समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

**(१) संयोजकको काम, कर्तव्य र अधिकार**

१) समितिको बैठकको अध्यक्षता गर्ने ।
२) बैठक बोलाउन सचिवलाई निर्देशन दिने ।
३) बैठकमा प्रस्ताव तथा प्रतिवेदन पेश गर्ने गराउने ।
४) समितिका सदस्यहरुलाई कामको बाँडफाड गर्ने तथा कामको आवश्यक समन्वय गर्ने ।
५) वातावरण संरक्षण तथा व्यवस्थापन सम्बन्धी सम्पूर्ण गतिविधिहरुको नेतृत्व गर्ने ।
६) वित्तिय तथा भौतिक श्रोत जुटाउने र परिचालन गर्ने गराउने ।
७) अन्य विभिन्न संघ /संस्थासँग सम्झौता गर्नु पर्ने भए गर्ने गराउने ।
८) कार्यक्रमहरुको विवरण समयमा नै संकलन गरि राख्ने व्यवस्था मिलाउने।
९) अनुगम मुल्यांकन गर्ने गराउने ।
१०) समितिबाट पारित बार्षिक कार्यक्रम तथा आय व्ययको विवरण प्रस्तावित बजेटमा समावेश गरी गाउँ सभामा पेश गर्ने व्यवस्था मिलाउने ।

**(२) सदस्य सचिवको काम, कर्तव्य र अधिकार**

१) समितिको कार्यालय सञ्चालन गर्ने ।
२) संयोजकको निर्देशन अनुसार बैठक बोलाउने ।
३) संयोजकसँगको सल्लाहमा छलफलका विषयबस्तुहरु तयार गरी निर्णयार्थ बैठकमा पेश गर्ने ।

४) बैठकको निर्णय अभिलेख गरी राख्ने ।

५) बैठकको निर्णय कार्यान्वयन गर्ने ।

६) समितिको निर्णय अनुसार कार्य सञ्चालन गर्ने गराउने ।

७) सूचना तथा तथ्यांकहरु अभिलेख तथा अद्यावधिक गर्ने ।

(३) **सदस्यको काम, कर्तव्य र अधिकार**

१) समितिको बैठकमा नियमित रुपमा भाग लिने ।

२) निर्णय कार्यान्वयनमा सहयोग गर्ने ।

३) वातावरण संरक्षण तथा व्यवस्थापन कार्यलाइ सहयोग पुग्ने गरी कार्यक्रमहरुको प्रस्ताव गर्ने ।

४) समितिको निर्णय अनुसार अन्य आवश्यक कार्य गर्ने गराउने ।

५) व्यवस्थापन समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

## १०. वातावरण संरक्षण तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

कार्यविधिको पालना गर्नु सबैको कर्तव्य हुनेछ । यस गाउँपालिकामा स्थायी वा अस्थायी रुपले बसोवास गर्ने, उद्योग ब्यापार गर्ने, अध्ययन, औषधोपचार, पर्यटन तथा व्यवसायीक रुपले आवत जावत गर्ने, संघसंस्था आदिको साथै गाउँपालिकाले वातावरण संरक्षण तथा व्यवस्थापनको सम्बन्धमा देहाय बमोजिमको कार्य गर्नुपर्नेछ ।

(क) गाउँपालिकाले वातावरण संरक्षणका दृष्टिले अति महत्वपूर्ण मानिने प्राकुतिक सम्पदा वा सौन्दर्यपरक स्थल, दुर्लभ वन्यजन्तु, वनस्पति वा जैविक विविधतायुक्त स्थल वा ऐतिहासिक वा सास्कृतिक महत्वको स्थललाई प्रकृया पुऱ्याइ वातावरण संरक्षण क्षेत्र कायम गर्न सक्नेछ ।

(ख) कुनै सडक, भवन, नदी व्यवस्थापन, शहरी योजना वा अन्य कुनै भौतिक पूर्वाधार निर्माण गर्दा कुनै क्षेत्र विशेषलाइ वातावरण संरक्षण गर्ने उद्येश्यले खुला वा हरियाली क्षेत्र तोक्न सक्नेछ ।

(ग) कुनै टोलविकास संस्था, वडासमिति वा वातावरण सम्बन्धी कामगर्ने वा अन्य सामाजिक संघ संस्थाबाट विशेष वातावरण संरक्षण क्षेत्र तोक्न अनुरोध भई आएमा गाउँपालिकाले विशेष वातावरण संरक्षण क्षेत्र तोक्न सक्नेछ ।

(घ) खण्ड (क) (ख) र (ग) बमोजिम कायम गरिएको वातावरण संरक्षण क्षेत्र तथा खुला वा हरियाली क्षेत्रभित्र तोकिए बमोजिमको कुनै काम गर्न नपाउने गरी रोक लगाउन सक्नेछ ।

(ङ) कुनै क्षेत्र वा स्थान विशेषमा अत्यधिक वातावरण प्रदूषण, भू:स्खलन, प्राकृतिक सम्पदाको अत्यधिक दोहन वा प्राकृतिक विपत्ति हुनगइ जनस्वास्थ्य वा वातावरणमा नकारात्मक असर परेको वा पर्ने सम्भावना देखिएको अवस्थामा गाउँपालिकाले त्यस्तो क्षेत्र वा स्थानलाइ वातावरणीय दृष्टिले संबेदनशील क्षेत्र तोकी वातावरणीय संन्तुलन, व्यवस्थापन वा वातावरणीय पुनर्स्थापनाको लागि उपयुक्त आदेश गर्न सक्नेछ ।

(च) कुनै हानिकारक वा जोखिमयुक्त पदार्थ वा फोहरमैला भण्डारण वा बिसर्जन गरिएको स्थान वा अन्य कारणले अत्यधिक वातावरण प्रदूषण भएको स्थानलाइ गाउँपालिकाले प्रदूषणजन्य क्षेत्र तोकी सर्वसाधारणको आवतजावतमा रोक लगाउन सक्नेछ ।

(छ) उद्योग, व्यापार व्यवसाय, पसल, भवन आदिबाट निस्कने फोहरलाई सार्वजनिक स्थल, सडक, सडक किनारा, पेटी, सडक नाला, खाली स्थान, कुनाकाप्चा आदि स्थलमा फाल्न, राख्न, वा थुपार्न पाइने छैन । आ-आफ्नो घर, पसलका कुहिने प्रकृतिको फोहरलाई एउटा डष्टवीन (टोकरी) मा र नकुहिने प्रकृतिको फोहरलाई अर्को डष्टवीन (टोकरी) मा राखी गाउँपालिकाको सरसफाई कर्मचारी वा साधन आए पछी जिम्मा लगाउनु पर्नेछ ।

(ज) सडक वा अन्य सार्वजनिक स्थानमा दिशा पिसाव गर्न गराउन पाइने छैन ।

(झ) सेफ्टी ट्याङ्की वा शौचालयबाट निस्कने फोहर जथाभावी बाहिर वा ढलमा निष्कासन गर्न पाइने छैन ।

(ञ) अस्पताल, नर्सिङ्गहोम, निजी क्लिनिक वा डिष्पेन्सरीबाट निस्कने संक्रामक र खतराजन्य फोहर सडक, वा अन्य सार्वजनिक ठाउँमा फाल्न, वा निष्कासन गर्न पाइने छैन । त्यस्ता फोहरको सुरक्षीत तवरले अन्तिम निष्कासन गर्ने व्यवस्था सम्वन्धित निकायहरुले आफुले नै गर्नु पर्नेछ । स्वास्थ्य केन्द्रका संक्रामक फोहरहरु कुनै पनि हालतमा अन्य फोहरहरुसंग निष्कासन गर्न पाइने छैन ।

(ट) औद्योगिक प्रतिष्ठान, उद्योगबाट निस्केका फोहरमैला जथाभावी फाल्न, राख्न वा निष्कासन गर्न पाइने छैन । उद्योग खोल्दाको वखतको शर्त एवम् वातावरण संरक्षण ऐन, फोहरमैला व्यवस्थापन सम्वन्धी ऐन,

नियम, कार्यविधि मा व्यवस्था भए बमोजिम त्यस्ता फोहरमैलालाई अन्तिम निष्कासन गर्ने व्यवस्था सम्वन्धित प्रतिष्ठान वा उद्योगले गर्नु पर्ने छ ।

(ठ) गाउँपालिकाले संकलन भएको फोहरमैलालाई व्यवस्थित रुपले तह लगाइ गाउँलाइ सौन्दर्य, वातावरणीय स्वच्छता र सार्वजनिक स्वास्थ्यमा सुधार ल्याउने उद्देश्यले संम्भाब्य र उपयुक्त ठहरिएको एक  वा एक भन्दा बढी स्थानमा कम्पोष्ट चेम्वर, फोहोर मैला स्थानान्तरण केन्द्र र अन्तिम निष्कासन स्थल (Land fill site) को व्यवस्था गर्न सक्नेछ ।

(ड) गाउँपालिकाले वातावरण संरक्षण तथा व्यवस्थापनमा प्रतिकुल असर पार्ने उद्योग व्यापार व्यवसाय संचालन गर्न रोक लगाउन सक्नेछ ।

(ढ) वातावरण संरक्षण तथा व्यवस्थापनमा उत्कृष्टता हासिल गर्ने वडा समिति वा टोलविकास संस्था वा सामाजिक संघ संस्थालाई गाउँपालिकाले पुरस्कृत र प्रोत्साहित गर्न सक्ने छ ।

## ११. सम्पर्क शाखा

नरहरिनाथ गाउँपालिका क्षेत्रभित्र वातावरण संरक्षण तथा व्यवस्थापन कार्य गाउँपालिका कार्यालयमा रहेको वातावरण तथा फोहरमैला व्यवस्थापन शाखाले गर्नेछ ।

## १२. निर्णय सम्वन्धी व्यवस्था

व्यवस्थापन समितिको सिफारिसको आधारमा गाउँपालिकाले प्रचलित कानुनको अधिनमा रहि वातावरण संरक्षण तथा व्यवस्थापन समितिको सिफारिसको आधारमा गाउँपालिकाले प्रचलित कानुनको अधिनमा रहि वातावरण संरक्षण तथा व्यवस्थापनको कार्य निजी क्षेत्रलाइ जिम्मादिने, पूर्णरुपमा समुदायको जिम्मा दिने, संयुक्त कोष स्थापना गरि सञ्चालन र व्यवस्थापन गर्ने वा आंशिक रुपमा कुनै कार्य मात्र कुनै निकायलाई जिम्मा दिने जस्ता व्यवस्थापनका जुनसुकै उपायहरु अवलम्वन गर्ने निर्णय गरि कार्यान्वयन गर्न सक्नेछ ।

## १३. सेवा शुल्क सम्वन्धी व्यवस्था

(क) नरहरिनाथ गाउँपालिकाले वातावरण संरक्षण तथा व्यवस्थापन गरे वापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क उठाउन सक्नेछ ।

(ख) सेवा शुल्कको निर्धारण वातावरण प्रदूषणको परिमाण तथा प्रकृति र तोकिए बमोजिमका अन्य कुराहरुको आधारमा गाउँपालिकाले गर्नेछ ।

(ग) यसरी उठाइने शुल्क सम्बन्धित नरहरिनाथ गाउँपालिका आफैले वा उसले तोकेको संस्था वा निकाय मार्फत उठाउन सक्नेछ ।

(घ) गाउँपालिकाबाट वातावरण संरक्षण तथा व्यवस्थापनको जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले गाउँपालिकासँग भएको सहमतिका आधारमा वातावरण संरक्षण तथा व्यवस्थापन गरे वापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क उठाउन सक्नेछ ।

(ङ) वातावरण संरक्षण तथा व्यवस्थापन शुल्कबाट प्राप्त आम्दानी तथा वातावरण संरक्षण तथा व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराउदा प्राप्त हुने आम्दानी छुट्टै शिर्षकमा आम्दानी बाँधी तोकिएको मापदण्डको अधीनमा रही वातावरणीय संरक्षण तथा व्यवस्थापन सम्बन्धी कार्यमा मात्र खर्च गर्नु पर्नेछ ।

## १४. अनुमति सम्बन्धी व्यवस्था

(१) नरहरिनाथ गाउँपालिकाको अनुमति नलिइ कसैले पनि सो क्षेत्रमा वातावरण संरक्षण तथा व्यवस्थापन सम्बन्धी काम गर्न गराउन पाउने छैन ।

(२) वातावरण संरक्षण तथा व्यवस्थापन गर्न चाहने स्वदेशी तथा विदेशी कम्पनी, संस्था वा निकायले देहायको विवरण खुलाई अनुमतिको लागि गाउँपालिकामा निवेदन दिनु पर्नेछ ।

(क) वातावरण संरक्षण तथा व्यवस्थापन सम्बन्धी योजना,

(ख) वातावरण संरक्षण तथा व्यवस्थापन सम्बन्धी अनुभव, आवश्यक जनशक्ति तथा प्रविधिको विवरण,

(ग) तोकिए बमोजिमको अन्य विवरण,

(३) यसरी पर्न आएको निवेदन ऊपर गाउँपालिकाले आवश्यक जाँचबुझ गरि अनुमतिपत्र दिनसक्नेछ ।

(४) अनुमति पत्र सम्बन्धी अन्य व्यवस्था कानुनमा तोकिए बमोजिम हुनेछ ।

## १५. सार्वजनिक निजी साझेदारी सम्वन्धी व्यवस्था

(क) गाउँपालिकामा वातावरण संरक्षण तथा व्यवस्थापनका लागि गाउँपालिकाले सार्वजनिक निजी साझेदारीको अवधारणामा कार्य गर्न गराउन सक्नेछ ।

(ख) यसरी सार्वजनिक निजी साझेदारीको अवधारणामा कार्य गर्दा गराउँदा प्रचलित ऐन, नियमावली  लगायत अन्य प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

(ग) सार्वजनिक निजी साझेदारीमा कार्य गर्दा गराउँदा लाभ, लागत र जोखिम दुबै पक्षमा रहने गरी कार्य गरिनेछ ।

(घ) सार्वजनिक निजी साझेदारीमा कार्य गर्दा गराउँदा सकेसम्म स्थानीय स्तरमा रहेका निजी क्षेत्रलाई साझेदारको रुपमा लिन प्राथमिकता दिइनेछ ।

(ङ) स्थानीय क्लव, सामुदायिक संस्था, टोलविकास संस्था, गैर सरकारी संस्था वा नाफा आर्जन गर्ने उद्देश्यले स्थापना भएका कम्पनीहरु वा अन्य स्थानीय तथा वाह्य संघ संस्थाहरुलाई  निजी क्षेत्रका रुपमा लिन सकिनेछ ।

(च) विभिन्न स्थानमा फरक फरक निजी क्षेत्र परिचालन भएको अवस्थामा सबैको कार्य प्रति एक रुपता ल्याउनका लागि सबै साझेदारहरुको संलग्नतामा गाउँपालिका स्तरीय संयन्त्र तयार गरी सोही संयन्त्र मार्फत सार्वजनिक नीजि साझेदारीका क्रियाकलापहरुलाई व्यवस्थित र नियमित गर्ने व्यवस्था गाउँपालिकाले मिलाउन सक्नेछ ।

(छ) वातावरण संरक्षण तथा व्यवस्थापन गर्न गाउँपालिकाले वातावरण प्रदूषण गर्नेसँग वातावरण संरक्षण तथा व्यवस्थापन सेवा शुल्क लिनेछ । यसरी लिने शुल्क गाउँपालिकाले तोकिदिए बमोजिम हुनेछ ।

(ज) सहज र सरल रुपमा वातावरण संरक्षण तथा व्यवस्थापन गर्ने प्रयोजनका लागि गाउँपालिकाले गाउँवासीलाई पारिवारिक परिचय पत्र उपलब्ध गराउन सक्नेछ । यसरी परिचय पत्र उपलब्ध गराउँदा गाउँपालिकाले उक्त परिचय पत्रको बहु उपयोग हुने गरी तयार गर्ने छ र यसको प्रयोग गाउँपालिकाको सम्पुर्ण सेवा सुविधा सँग जोडन सक्नेछ ।

## परिच्छेद : तीन

## कोष व्यवस्थापन सम्बन्धी व्यवस्था

### १६. कोषको स्थापना

गाउँपालिकामा वातावरण संरक्षण तथा व्यवस्थापन सम्बन्धी कार्यको लागी छुट्टै शिर्षक रहने छ । उक्त शिर्षकमा देहाय अनुसारका रकमहरु रहनेछन् ।

(क) वातावरण संरक्षण तथा व्यवस्थापन कार्यक्रमका लागि हालसम्म छुट्याईएको सम्पूर्ण रकम,

(ख) प्रत्येक आर्थिक वर्षमा गाउँ सभाले आफ्नो कोषमा जम्मा भएको आन्तरिक आयबाट विनियोजन गरेको रकम,

(ग) कुनै व्यक्ति वा संस्था वा निकायद्वारा कार्यक्रमको लागी प्राप्त हुने सहयोग वा अनुदान रकम,

(घ) गाउँ सभाको स्वीकृतिमा प्राप्त अन्य रकम,

(ङ) नेपाल सरकारबाट विनियोजित रकम,

(च) वातावरण संरक्षण तथा व्यवस्थापन शुल्क वापत प्राप्त रकम,

(छ) अन्य विविध श्रोतबाट प्राप्त रकम ।

## १७. कोषको प्रयोग

यस शिर्षकमा जम्मा भएको रकम देहाय बमोजिमको कामको लागि मात्र प्रयोग गर्न सकिनेछ ।

(क) गाउँस्तरीय वातावरण संरक्षण तथा व्यवस्थापन नीति तथा रणनीतिको तर्जुमा,

(ख) सचेतना कार्यक्रम संचालन,

(ग वातावरण संरक्षण तथा व्यवस्थापन सम्बन्धी क्षमतामा अभिबृद्धि कार्यक्रम,

(घ) वातावरण संरक्षण तथा व्यवस्थापन सम्बन्धी काम गर्ने संस्थाहरु वीच समन्वय र कार्यमा स्तरीयता ल्याउन निरन्तर सुपरीवेक्षण र अनुगमन गर्न,

(ङ) सामाजिक सचेतना तथा सहभागितामुलक कार्यक्रम सञ्चालन गर्न,

(च) अल्पकालीन र दीर्घकालीन वातावरण संरक्षण तथा व्यवस्थापन सम्बन्धी काम गर्न,

(छ) वातावरण संरक्षण तथा व्यवस्थापनका लागि विनियोजन भएको रकम सोहि प्रयोजन बाहेक अन्य कार्यमा खर्च गर्न पाइने छैन ।

## १८. नपुग रकमको व्यवस्था

रकम अभाव भइ वातावरण संरक्षण तथा व्यवस्थापन कार्यक्रमहरुमा प्रत्यक्ष असर पर्ने अवस्था भएमा व्यवस्थापन समितिले औचित्य हेरी नपुग रकमका लागि गाउँपालिकामा आवश्यक व्यवस्थाका लागि सिफारिस सहित पेश गर्नु पर्नेछ ।

## १९. अनुमानित खर्चको प्रस्तावित विवरण पेश गर्ने

आगामी आर्थिक वर्षमा वातावरण संरक्षण तथा व्यवस्थापनका लागि आवश्यक पर्ने रकमको व्यवस्था मिलाउन गाउँ सभामा वजेट प्रस्तुत गर्दा नै कार्यक्रम सहितको अनुमानित खर्चको प्रस्तावित विवरण पेश गर्नु पर्नेछ ।

## २०. श्रेस्ता सम्बन्धी व्यवस्था

(क) कार्यालयले आय र व्ययको श्रेस्ता तोकिए बमोजिम राख्नु पर्नेछ ।

(ख) समितिले प्रशासनिक खर्च गाउँ सभावाट तोकिएको प्रतिशत भन्दा बढी गर्न पाउने छैन ।

(ग) सभावाट उपलब्ध गराउने वजेटको रकम तोकिएको क्षेत्रवाहेक अन्यत्र खर्च गर्न पाइने छैन ।

## २१. बैठक भत्ता

वातावरण संरक्षण तथा व्यवस्थापन विशेष कोषका पदाधिकारीहरुले वैठकमा भाग लिए वापत गाउँ सभाबाट तोकिए बमोजिमको मात्र वैठक भत्ता पाउने छन् ।

## २२. विवरण सार्वजनिक गर्नुपर्ने

वातावरण संरक्षण तथा व्यवस्थापन कार्यक्रमका लागि उपलब्ध गराएको रकमहरुको विवरण चौमासिक रुपमा सार्वजनिक गर्नु पर्नेछ ।

## २३. जााचपास तथा फरफारक

यस कार्यक्रम अन्तर्गत सञ्चालित स साना कार्यकमहरु पनि सम्पन्न भएपछि समयमा नै जाँचपास गरी त्यसको फरफारक गराउनु पर्नेछ । कोषबाट सञ्चालन गरिएका कार्यक्रमहरुको जाँचपास तथा फरफारक व्यवस्थापन समितिको बैठकबाट गरिनेछ ।

## २४. दण्ड सजाय सम्बन्धी व्यवस्था

वातावरण संरक्षण ऐन, २०५३ को दफा १८ मा देहाय बमोजिमको कसुर गरेमा त्यस्तो कसुर गर्ने व्यक्ति वा संस्थालाइ देहाय बमोजिमको दण्ड सजाय हुनसक्ने व्यवस्था छ ।

(१) वातावरण संरक्षण ऐन, २०५३ को दफा ६ बमोजिमको प्रस्ताव स्वीकृत नगराइ वा स्वीकृत प्रस्ताव विपरीत कुनै कार्य गरेमा तोकिएको अधिकारीले त्यस्तो कार्य तुरुन्त बन्द गराउन सक्नेछ र त्यस्तो कार्य कुनै ब्यक्ति वा संस्थाले गरेको भए निजलाइ कसुरको मात्रा हेरी पाँच लाख रुपैयाँ देखि पच्चिस लाख रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ ।

(२) वातावरण संरक्षण ऐन, २०५३ वा यस अन्तर्गत बनेको नियम वा निर्देशिका विपरीत कुनै कार्य गरेमा तोकिएको अधिकारीले त्यस्तो कार्य तुरुन्त बन्द गराउन सक्नेछ र त्यस्तो कार्य कुनै ब्यक्ति वा संस्थाले गरेको भए निजलाइ कसुरको मात्रा हेरी एक लाख रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ ।

## २५. क्षतिपूर्ति भराइदिने

वातावरण संरक्षण ऐन, २०५३ को दफा १७ मा क्षतिपूर्तिको सम्बन्धमा देहाय बमोजिमको व्यवस्था उल्लेख छ ।

(१) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा निर्देशिका विपरीत प्रदूषण, ध्वनी, ताप वा हानिकारक फोहरमैलाको सिर्जना वा निष्काशन गरेको वा कुनै दुर्घटनाजन्य प्रदूषणका कारणबाट कुनै व्यक्ति वा संस्थालाई कुनै हानि नोक्सानी पुग्न गएमा त्यस्तो कामबाट पीडित व्यक्ति वा संस्थाले आफूलाइ पुग्न गएको क्षति वापत तोकिएको अधिकारी समक्ष क्षतिपूर्ति भराइ पाउन निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम परेको निवेदनका सम्बन्धमा तोकिएको अधिकारीले छानबिन तथा जाँचबुझ गर्दा हानि नोक्सानी भएको ठहऱ्याएमा क्षतिको यकिन गरी त्यसरी हानि नोक्सानी पुऱ्याउने व्यक्ति, संस्था वा प्रस्तावकबाट पीडितलाइ मनासिब क्षतिपूर्ति भराइदिनु पर्नेछ ।

(३) यस दफा वमोजिम क्षतिपूर्ति निर्धारण गर्ने आधार र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## २६. पुनरावेदन

तोकिएको अधिकारीले गरेको निर्णय वा आदेश उपर चित्त नबुभ्नेले सो निर्णय वा आदेश पाएको मितिले पैतिस दिन भित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ ।

# परिच्छेद : चार
# विविध

## २७. अनुगमन तथा मूल्यांकन

गाउँपालिकाको वातावरण संरक्षण तथा व्यवस्थापन कार्यविधि बमोजिम गरिएका कार्यक्रमहरुको

अनुगमन तथा मुल्याकंन देहाय बमोजिम गरिनेछ ।

(क) गाउँपालिकाको कार्यालयले यस कार्यक्रमको कार्यान्वयनका सन्दर्भमा अनुगमन, निरीक्षण तथा मूल्यांकन गर्दा दफा ६ (१) बमोजिम गठित समिति सँग समन्वय गरी गर्नेछ ।

(ख) कार्यक्रम सञ्चालन भइ कार्यान्वयन भएकोमा प्राविधिक मूल्यांकनका आधारमा वा कार्यप्रगतिको आधारमा पेश्की दिन सकिनेछ ।

(ग) कार्यक्रमको अन्तिम किस्ता रकम अनुगमन तथा मूल्यांकनका आधारमा दिइनेछ ।

(घ) अनुगमन तथा मूल्यांकनका आधारमा कार्यक्रमहरुको जांचपास तथा फरफारक गरिनेछ ।

(ङ) अनुगमन तथा मूल्याङ्कन सम्बन्धी खर्चको व्यवस्था गाउँपालिकाको कार्यालयले मिलाउनु पर्नेछ ।

(च) उपभोक्ता समिति मार्फत भएको संरचना निर्माण र पुनसंरचना सम्बन्धी कार्यको अनुगमन गर्दा विल भरपाइ लगायत विवरण संकलन काममा सम्लग्न व्यक्तिहरुको हाजिरी तथा कार्यरत रहने समय र स्थानका विषयमा पनि हेर्नु पर्दछ ।

## २८. पुरस्कार वा प्रशंसापत्र प्रदान गर्न सक्ने

वातावरणको क्षेत्रमा राम्रो काम गर्ने उपभोक्ता समिति, कर्मचारी तथा संघ संस्थाहरुलाई नरहरिनाथ गाउँपालिकाले नगद पुरस्कार वा प्रशंसा पत्र दिन सक्नेछ ।

## २९. प्रतिवेदन

समितिवाट भए गरेका कार्यहरुको प्रगति प्रतिवेदन गाउँपालिका कार्यालय मार्फत नियमित रुपमा सम्बन्धित निकायहरुमा पठाई राख्नु पर्नेछ ।

## ३०. संशोधन तथा बचाउ

(क) यस कार्यविधिमा उल्लेखित कुराहरुमा कुनै संशोधन गर्नु परेमा सम्बन्धित प्रचलित ऐन नियमको परिधिभित्र रही गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

(ख) यस कार्यविधिमा उल्लेख गरिएका कुराहरुका हकमा यसै कार्यविधि अनुसार र उल्लेख नभएका कुराहरुका हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

(ग) कार्यविधिमा लेखिएका कुराहरु नेपालको संविधान, २०७२, वातावरण संरक्षण ऐन, २०५३, स्थानीय सरकार संचालन ऐन, २०७४ र तत् सम्बन्धी नियमावली तथा प्रचलित अन्य कानूनसंग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

आज्ञाले
जिवलाल कुँवर
प्रमुख प्रशासकीय अधिकृत
नरहरिनाथ गाउँपालिकाको कार्यालय
कुमालगाउँ, कालिकोट

मुद्रित मूल्य रू.१०।-